# नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०३३।९।१३

<u>**संशोधन**</u>

| | | |
|---|---|---|
| १. | [•]नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (पहिलो संशोधन) नियमावली, २०३८ | २०३८।१२।१६ |
| २. | [∞]नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (दोस्रो संशोधन) नियमावली, २०४३ | २०४३।३।२ |
| ३. | [}]नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (तेस्रो संशोधन) नियमावली, २०५० | २०५०।१२।१५ |

**सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।**

**१.** <u>**संक्षिप्त नाम र प्रारम्भ**</u>: (१) यी नियमहरूको नाम " नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३" रहेको छ ।

(२)यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** <u>**परिभाषा**</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "सैनिक व्यक्ति" भन्नाले नेपाली सेनाको सेवामा रहेको सैनिक कानुन लागू हुने व्यक्ति सम्झनु पर्छ ।

(ख) "परिवार" भन्नाले सैनिक व्यक्तिको आफैले पालनपोषण गर्नु पर्ने पति वा पत्नी, नाबालक छोरा अविवाहिता छोरी र आमाबाबु सम्झनु पर्छ ।

**३.** <u>**भ्रमणमा खटाउने अधिकारी**</u> : (१) सरकारी काममा भ्रमण वा काजमा सहायक रथी वा सो भन्दा माथिल्लो स्तरको रथी बृन्दलाई प्रधान सेनापतिले र सोभन्दा मुनिका अन्य सैनिक व्यक्तिलाई विभागीय प्रमुख, बाहिनी, गण वा गुल्मपति वा निजले अधिकार सुम्पेको अधिकृतले खटाउन सक्नेछ ।

---

• २०३८ साल श्रावण १ गतेदेखि लागू ।

∞ २०४२ साल असार २ गतेदेखि लागू ।

} २०५० साल आश्विन १ गते देखि लागू ।

नेपाल कानुन आयोग

(२) विभागीय प्रमुख नजीक नभएका बाहिनी, गण वा गुल्मपतिले आफ्नो क्षेत्रभित्र भ्रमण गर्नु परेमा भ्रमणको कारण जनाई त्यसको सूचना आफूभन्दा माथिको अधिकृतलाई दिई स्वीकृति लिएर मात्र भ्रमणमा जान सक्नेछ ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक व्यक्तिलाई विदेशमा भ्रमण वा काजमा खटाउन नेपाल सरकारले मात्र सक्नेछ ।

४. **भ्रमणमा खटाउने अधिकारीको कर्तव्य** : (१) सरकारी काममा भ्रमणमा खटाउँदा महालेखा परीक्षकको विभागबाट तोकिएको फाराम नं. ३ मा भ्रमण आदेश भरी दिनुका साथै भ्रमण छिटो छरितो हुने गरी यथासंभव कम खर्चिलो बाटो वा साधनबाट गर्ने खर्चको फाँटवारी बुझाउने तरीका समेत सो भ्रमण आदेशमा तोकिदिने कर्तव्य भ्रमणमा खटाउने अधिकारीको हुनेछ ।

(२) भवितव्य परी वा अन्य मुनासिव माफिकको कुनै कारणबाट भ्रमण लम्बिन गएमा त्यसको कारणहरू स्पष्ट खुलाई भ्रमणमा खटाउने अधिकारीलाई सूचना गर्नु पर्नेछ । भ्रमणमा खटाउने अधिकारीले पनि बुझी कारण मनासिव ठहराई प्रमाणित गरेमा हिसाब जाँच्ने अधिकारीले खर्च स्वीकृती दिनेतर्फ कारवाई गर्नेछ ।

५. **भ्रमण गर्ने तरीका** : भ्रमण गर्दा भ्रमण आदेशमा तोकिए बमोजिम गर्नु पर्नेछ ।

६. **दैनिक तथा भ्रमण भत्ताको निमित्त सैनिक व्यक्तिको वर्गीकरण** : यस नियमावलीको प्रयोजनको लागि सैनिक व्यक्तिहरूलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

♠(क) रथी बृन्ददेखि महासेनानीसम्म - प्रथम तह

♠(ख) प्रमुख सेनानीदेखि सहायक सेनानीसम्म- द्वितीय तह

@(ग) प्रमुख सुवेदार देखि जमदारसम्म - तृतीय तह

(घ) हुद्दा र सोदेखि मुनिको - चतुर्थ तह

---

♠ पहिलो संशोधनद्वारा संशोधित ।

♠ पहिलो संशोधनद्वारा संशोधित ।

@ दोस्रो संशोधनद्वारा संशोधित ।

७. **भ्रमण भत्ता पाउने** : (१) सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्नु पर्दा भ्रमणको साधन भएमा देहायका सैनिक व्यक्तिलाई देहाय बमोजिम भ्रमण भत्ता दिइनेछ ।

(क) प्रथम र द्वितीय तहकालाई भ्रमणको साधनमा भएसम्म प्रथम श्रेणीको भ्रमण खर्च ।

(ख) तृतीय तहकालाई भ्रमणको साधनमा भएसम्म द्वितीय श्रेणीको भ्रमण खर्च ।

(ग) चतुर्थ तहकालाई भ्रमणको साधनमा भएसम्म तृतीय श्रेणीको भ्रमण खर्च ।

(२) भ्रमणको साधन नभई पैदल भ्रमण गर्नु पर्दा देहायका दरले भ्रमण भत्ता दिइनेछ ।

(क) प्रथम तहकालाई प्रत्येक कोषको ♠छ रुपैयाँ

(ख) द्वितीय तहकालाई प्रत्येक कोषको ♠पाँच रुपैयाँ

(ग) तृतीय तहकालाई प्रत्येक कोषको ♠चार रुपैयाँ

(घ) चतुर्थ तहकालाई प्रत्येक कोषको ♠तीन रुपैयाँ

(३) कुनै सैनिक व्यक्तिले यस नियमावली बमोजिम कुनै भ्रमणको साधनको टिकट लिइसकेको र कारणवश उक्त टिकट फिर्ता गर्नुपर्ने भएमा फिर्ता गरे बापत लागेको कटौती रकम भ्रमणमा खटाउने अधिकारीले स्वीकृति दिन सक्नेछ ।

(४) सरकारी घोडाको उपयोग गरी भ्रमण गरेमा पैदल भ्रमण गर्दा पाउने भत्ताको दुई-तिहाई भत्ता मात्र पाउनेछ ।

८. **दैनिक भत्ता पाउने** : ✉(१) रात बिताउनु पर्ने गरी आफ्नै अड्डा रहेको सदरमुकाम बाहिर भ्रमण वा काजमा खटिएका देहायका तहका सैनिक व्यक्तिले देहाय बमोजिम दैनिक भत्ता पाउने छ :-

---

✉ तेस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

(क) प्रथम तहकाले रु. ९०।-

(ख) द्वितीय तहकाले रु. ८०।-

(ग) तृतीय तहकाले रु. ७०।-

(घ) चतुर्थ तहकाले रु. ५५।-

तर, रासनको व्यवस्था भएको स्थानमा खटिई गएमा भने दैनिक भ्रमण भत्ता पाउने छैन ।

♣(२) भ्रमणमा जाँदा कार्यालय रहेको सदरमुकामबाट प्रस्थान गरेको दिनको पुरै र गन्तव्य स्थानमा पुगेको वा सदरमुकाममा भ्रमणबाट फर्केको दिनको आधा दैनिक भत्ता पाउनेछ ।

♥(३) उपनियम (१) बमोजिम पाउने दैनिक भत्तामा ⌧नगरपालिका क्षेत्रमा पैतीस प्रतिशत र जिल्ला सदरमुकाममा पच्चिस प्रतिशत थप दिइने छ ।

तर, जिल्ला सदरमुकाम क्षेत्रमा परेमा ⌧नगरपालिकाको थप रकम मात्र दिइनेछ ।

९. **भ्रमणको सिलसिलामा बिदा लिएमा दैनिक तथा भ्रमण भत्ता लिन नपाउने** : कुनै सैनिक व्यक्तिले भ्रमणको सिलसिलामा विशेष काम परी विदा लिई बसेमा त्यस्तो विदामा छँदाको अवधि दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

१०. **सरुवा बढुवा नियुक्ति भै जाँदा दैनिक तथा भ्रमण भत्ता पाउने** : सरुवा बढुवा वा नयाँ नियुक्ति भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा आउँदा यस नियमावली बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

११. **थप सुविधा पाउने**: ♣(१) सरुवा वा बढुवा भई एक जिल्लाबाट अर्को जिल्लामा जाने सैनिक व्यक्तिले आफ्नो परिवारलाई बहाल भएको जिल्लाबाट आफ्नो घर भएको जिल्लामा फर्काउँदा वा सरुवा भएको जिल्लामा साथ वा पछि जहिलेसुकै लगेमा पनि एक एक पटक र नयाँ

♣ पहिलो संशोधनद्वारा थप ।
♥ दोस्रो संशोधनद्वारा संशोधित ।
⌧ तेस्रो संशोधनद्वारा संशोधित ।
⌧ तेस्रो संशोधनद्वारा संशोधित ।
♣ पहिलो संशोधनद्वारा संशोधित ।

नियुक्ति भएको सैनिक व्यक्तिले आफ्नो परिवार आफ्नो घरबाट नयाँ नियुक्ति भएको जिल्लामा साथ वा पछि जहिलेसुकै लगेमा पनि एक पटक दश वर्ष मुनिका प्रत्येक केटोकेटीलाई सैनिक व्यक्तिले पाउने दैनिक तथा भ्रमण भत्ताको आधा र सोभन्दा माथिका प्रत्येक सदस्यलाई सैनिक व्यक्तिले पाउने सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

तर यस नियमबमोजिम परिवारलाई दैनिक तथा भ्रमण भत्ता पाउन, अधिकृत स्तरको लागि कार्यरथी विभाग, सूबेदार, जमदारको लागि बाहिनीपति वा विभागीय प्रमुख र सोभन्दा मुनिका लागि आफ्नो अड्डा, बाहिनी, गण, गुल्म वा डिपोपतिबाट परिवार लैजाने स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(२) सरुवा बढुवा वा नयाँ नियुक्ति भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा देहायका तहका सैनिक व्यक्तिलाई रेलमार्ग, हवाईमार्ग र बसबाट जाँदा देहाय बमोजिम अतिरिक्त तौलको भाडा भरौटको थप विशेष सुविधा र पैदल भ्रमण गर्नुपर्ने रहेछ भने त्यस्तो व्यक्तिले पाउने भ्रमण भत्ताको दोब्बर भ्रमण भत्ता दिइनेछ ।

(क) प्रमथ तहकालाई चालीस के. जी.

(ख) द्वितीय तहकालाई पैंतीस के. जी.

(ग) तृतीय तहकालाई बीस के. जी.

(घ) चतुर्थ तहकालाई पन्ध्र के. जी.

(३) नेपालभित्र वा बाहिर हवाई जहाज, पानी जाहाज, रेल वा बसद्वारा भ्रमण गर्दा देहायका सैनिक व्यक्तिले देहाय बमोजिमको रकमको बीमा खर्च पाउने छन् :-

(क) प्रथम र द्वितीय तहकालाई दुईलाख रुपैयाँ

(ख) तृतीय र चतुर्थ तहकालाई एक लाख रुपैयाँ

तर त्यस्तो व्यक्तिले आफू स्वदेश वा विदेश खटिई गएको कामको अवधिभरको लागि एउटै व्यापक (कम्प्रेहेन्सिभ) बीमा गराउँदा पनि त्यस्तो खर्च पाउनेछ ।

(४) कुनै सैनिक व्यक्ति राजीनामा बाहेक अरु जुनसुकै कारणबाट भए पनि सरकारी सेवाबाट अलग भई घर फर्कनु परेमा जुन दर्जाबाट अलग भएको छ सोही दर्जा अनुसारको

नेपाल कानून आयोग

दैनिक तथा भ्रमण भत्ता र यस नियमावली बमोजिम निजकै परिवारले पाउने दैनिक तथा भ्रमण भत्ता पनि निजलाई बहाल टुटेको अड्डाबाट दिइनेछ ।

(५) कुनै सैनिक व्यक्ति आफू खटिएको जिल्लामा मृत्यु भएमा निजको परिवारलाई घर फर्कदा यस नियमावली बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता त्यस्तो व्यक्ति खटिएको ठाउँबाट दिइनेछ ।

तर त्यस्तो व्यक्ति खटिएको जिल्ला बाहेक अन्यत्र गई बसेको परिवारका सदस्यलाई भने यस उप-नियम बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइने छैन ।

(६) अनुसूची १ मा लेखिएका ठाउँहरूमा र नेपाल ो सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य कुनै ठाउँमा भ्रमण गर्नु पर्दा वा काजमा रहनु पर्दा सोही अनुसूचीमा लेखिएबमोजिम थप दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

१२. **कायम मुकायम भई जाँदा पाउने दैनिक तथा भ्रमण भत्ता** : (१) एक जिल्लाबाट अर्को जिल्लामा कायम मुकायम भै जाने सैनिक व्यक्तिले जुन पदमा कायम मुकायम भई गएकोछ सोही पदको दैनिक तथा भ्रमण भत्ता पाउनेछ र कायम मुकायम समाप्त भई फकर्नु पर्दा अघि जाँदा जुन पदको दैनिक तथा भ्रमण भत्ता पाएको थियो सोही बमोजिम फर्कदा पनि पाउनेछ ।

(२) कायम मुकायम भई जाने सैनिक व्यक्तिले दुई महीना भन्दा बढी कायम मुकायम भई बस्नु परेमा यस नियमावली बमोजिम परिवारले पाउने सुविधा समेत पाउनेछ ।

१३. **भ्रमणमा जाँदा विरामी परेमा** : (१) कुनै सैनिक व्यक्ति आफ्नो भ्रमणको सिलसिलामा विरामी भई रोकिनु परेमा निजले सात दिनसम्म यस नियमावली बमोजिम पाउने दैनिक भत्ता पाउनेछ । सात दिन भन्दा बढी बिरामी परेमा त्यस ठाउँमा नेपाली सेनाको व्यारेक नभएमा पाए स्वीकृत चिकित्सक नपाए स्थानीय ™......... प्रमुख जिल्ला अधिकारीको सिफारिशमा अर्को सात दिनसम्मको पनि दैनिक भत्ता पाउन सक्नेछ ।

तर यसरी विरामी भएकै अवस्थामा फर्कदा वा सरुवा बढुवा भई जानेले आफू ठेकिएको अड्डामा नपुगेसम्म दोब्बर भ्रमण भत्ता पाउनेछ ।

™ तेस्रो संशोधनद्वारा झिकिएको ।

(२) भ्रमणको सिलसिलामा कडा रोग लागी विरामी परेको भनी स्वीकृत चिकित्सक, ™.........वा प्रमुख जिल्ला अधिकारीको सिफारिश भई विभागीय प्रमुख वा अड्डा प्रमुखले मनासिव ठहराएमा त्यस्तो विरामी व्यक्तिलाई सात दिनसम्मको नियम बमाजिम पाउने दैनिक भत्तामा शतप्रतिशत थप निकासा गरी दिन सक्नेछ ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामी परेको ठाउँमा अस्पताल रहेछ र त्यहाँ नि:शुल्क खाना बस्नाको व्यवस्था भए त्यस्तो विरामी व्यक्ति अस्पतालमा बसेमा यस नियमावली बमोजिम दिइने दैनिक तथा भ्रमण भत्ता दिइने छैन ।

(४) कुनै व्यक्ति विरामी हुँदा स्थानीय चिकित्सकले एक स्थानबाट अर्को स्थानमा औषधि उपचारको लागि पठाउन पर्ने मनासिव कारण देखाएमा त्यस्तो विरामीले सवारी साधन भएको ठाउँमा सवारी साधनको खर्च र सवारी साधन नभएको स्थानमा बोकाई लैजानु पर्ने भएमा बोकाई लगे वापतको खर्च पाउनेछ ।

(५) यस नियमावली बमोजिम भ्रमणमा जाँदा कुनै व्यक्ति औषधि उपचार हुन नसक्ने ठाउँमा असक्त विरामी भएमा नजिकको वा जुनसुकै अड्डाले आफ्नो जुनसुकै बजेट रकमबाट भए पनि औषधि उपचार समेतलाई लाग्ने खर्च उपलब्ध गराई यथाशक्य चाँडो कुनै साधनद्वारा त्यस्तो विरामी व्यक्तिलाई डाक्टर भएको नजिकको अस्पतालमा पुऱ्याई दिनुपर्छ । त्यस्तो अड्डाले त्यसरी गरेको खर्चको रकम प्रबन्ध रथी विभाग (चल्ती) नेपाली जङ्गी अड्डाबाट सोधभर्ना गरिदिनेछ ।

१४. **काजको अवधि अनुसार दैनिक भत्ता पाउने** : (१) कुनै सैनिक व्यक्ति एउटै जिल्लामा बढीमा ३ महीनासम्मको अवधिको लागि काज खटिएमा निजले तीन महीनासम्म पूरै दैनिक भत्ता पाउनेछ र पूरा दैनिक भत्ता पाउन्जेल निजले #काजमा खटिएको जिल्लाको स्थानीय भत्ता पाउने छैन ।

(२) कुनै सैनिक व्यक्ति एउटै जिल्लामा तीन महीना भन्दा बढी अवधिका लागि काज खटिएमा त्यस्तो व्यक्तिले काजको अवधिभर एक चौथाईको दरले मात्र दैनिक भत्ता पाउनेछ । एक चौथाई मात्र दैनिक भत्ता पाउने अवस्थामा निजले स्थानीय भत्ता पनि पाउनेछ ।

™ तेस्रो संशोधनद्वारा झिकिएको ।

# दोस्रो संशोधनद्वारा थप ।

(३) काज खटिएको जिल्लामा आफ्नो स्थायी घरवास भएको कुनै सैनिक व्यक्तिले यस नियमावली बमोजिम दैनिक भत्ता पाउने छैन ।

१५. **दैनिक तथा भ्रमण भत्ता पेश्की पाउने** : यस नियमावली बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता हालका अड्डा मार्फत हिसाब बुझाउने गरी साविक अड्डाबाट पेश्कीको रुपमा लिन पाउनेछ ।

१६. **भ्रमण सम्बन्धी विल भरपाईहरू** : यस नियमावली बमोजिम भ्रमण गर्दाको भ्रमण खर्च स्वीकृतिको निमित्त सम्बन्धित व्यक्तिले महालेखापरीक्षकको विभागबाट तोकिएको फाराममा हिसाब जाँच्ने अधिकारीद्वारा स्वीकृति गरिएको साधारणत: विल भरपाई नदिने कलमहरूमा बाहेक अरु बील भरपाईहरू संलग्न राखी पेश गर्नु पर्नेछ ।

तर विमाको हकमा नम्बर मात्र पेश गरे हुन्छ ।

१७. **अड्डाहरूको दूरीको विवरण राख्नु पर्ने** : प्रत्येक जिल्लामा बाहिनी, गण वा गुल्मले आ-आफ्नो जिल्ला भित्रको ठाउँ ठाउँको दूरी (फासला) को विवरण जिल्ला विकास समितिको कार्यालयको सचिवबाट प्रमाणित गराई राख्नु पर्नेछ । यसैबाट पैदल भ्रमण गर्दा कोशको हिसाब गर्नेछ ।

तर अन्य जिल्लाबाट भ्रमण गर्ने व्यक्तिको हकमा बाहिनी, गण वा गुल्मको विभागीय प्रमुखको निर्णय बमोजिम हुनेछ ।

१८. **दैनिक तथा भ्रमण भत्ता नपाउने** : (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि पहाडी क्षेत्रको हकमा अड्डा रहेकै ठाउँ र त्यसको चारैतिर तीन तीन माईल र सो बाहेक अन्य क्षेत्रमा अड्डा रहेको ठाउँ र त्यसको चारैतिर पाँच-पाँच माईलभित्र सरकारी काममा भ्रमण गर्दा यस नियमावली बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

(२) उप-नियम (१) मा तोकिएको क्षेत्र बाहिर भ्रमणमा जाँदा अड्डा रहेको ठाउँबाट भ्रमणमा जाने ठाउँसम्म बस सेवाको सुविधा उपलब्ध छ र भ्रमणमा रात बिताउनु पर्ने रहेनछ भने त्यसरी भ्रमण्मा जाँदा दैनिक तथा भ्रमण भत्ता दिइने छैन ।

तर बसको लागेको टिकट खर्च भने पाउनेछ ।



नेपाल कानून आयोग

[@]१८क. **विदेश भ्रमणको निम्ति सैनिक व्यक्तिको वर्गीकरण** : विदेश भ्रमणका निम्ति सैनिक व्यक्तिको वर्गीकरण देहाय बमोजिम गरिएको छ :-

| | | | |
|---|---|---|---|
| (क) | अतिरथीदेखि उपरथीसम्म | - | विशिष्ट तह |
| (ख) | सहायक रथीदेखि महासेनानीसम्म | - | प्रथम तह |
| (ग) | सेनानीदेखि प्रमुख सेनानीसम्म | - | द्वितीय तह |
| (घ) | सहायक सेनानीदेखि सह-सेनानीसम्म | - | तृतीय तह |
| (ङ) | पदिक र सो भन्दा मुनि | - | चतुर्थ तह |

[♥]१९. **विदेशमा जाँदाको भ्रमण भत्ता** : कुनै सैनिक व्यक्तिले सरकारी कामको सिलसिलामा विमानद्वारा विदेशमा यात्रा गर्नुपर्दा इकोनोमी क्लासको भ्रमण खर्च मात्र पाउने छ ।

२०. **विदेशमा जाँदाको दैनिक भत्ता** : (१) कुनै सैनिक व्यक्तिलाई अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह वा निमन्त्रणा वा अन्य कुनै सरकारी कामको सिलसिलामा विदेशमा खटाइएमा अनुसूची २ मा तोकिएको मुलुकहरूमा अनुसूची ३ मा तोकिएको दरले दैनिक भत्ता दिइनेछ ।

(२) मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाको तर्फबाट खाना बस्नको सबै प्रबन्ध हुने भएमा त्यस्तो व्यक्तिलाई दैनिक भत्ता नदिई यस नियम बमोजिम पाउने दैनिक भत्ताको एक चौथाई मात्र पाकेट खर्चको रुपमा दिइनेछ । तर यसरी खाना बस्नाको लागि दैनिक भत्ता दिइने भएमा र त्यस्तो दैनिक भत्ता यस नियम बमोजिम पाउने दैनिक भत्ता भन्दा कम हुने भएमा कम भई नपुग भएको जति रकम सो व्यक्तिले थप पाउन सक्नेछ ।

(३) जुन देशमा जान भनी खटिएको छ सो देशमा जाँदा आउँदा बाटोमा पर्ने मुलुकहरूमा ती मुलुकहरुमा जति पाउने भनी व्यवस्था भएको छ सोही बमोजिम मात्र पाइनेछ ।

(४) विदेशमा जाँदा वा विदेशबाट फर्कंदा बाटोमा पर्ने कुनै मुलुकमा सवारी साधन उपलब्ध गर्नु पर्दा सवारी उपलब्ध गराउने संस्थाले खाने बस्ने प्रबन्ध नगरेकोमा अनुसूची ३

नेपाल कानून आयोग

---

@ दोस्रो संशोधनद्वारा थप ।

♥ दोस्रो संशोधनद्वारा संशोधित ।

बमोजिम सो मुलुकमा पाइने पुरै दैनिक भत्ता दिइनेछ । तर खान बस्न प्रबन्ध भएकोमा एक चौथाईमात्र दैनिक भत्ता दिइनेछ ।

(५) अन्तर्राष्ट्रिय सेमिनार सम्मेलन आदिमा जाँदा बाटोमा र सम्मेलन शुरु हुने अघिल्लो दिनदेखि समाप्त भएको भोलिपल्टसम्मलाई जति दिन लाग्छ त्यसभन्दा बढी आफू खुशी मुकाम गरेकोमा दैनिक भत्ता पाउने छैन ।

(६) विदेशमा भ्रमणमा जाँदा प्रस्थान गरेको दिनको पूरै दिनको दैनिक भत्ता पाउनेछ ।

(७) तालीममा जाँदा नेपाल सरकारबाट स्वीकृत नियमानुसार भत्ता पाउनेछ ।

२१. **नेता भै जानेलाई थप भत्ता पाउने** : यी नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह आदिमा भाग लिन जाने प्रतिनिधि मण्डलको नेता भै जाने व्यक्तिले आफूले पाउने दैनिक भत्ताको दरमा रोज एकको सयकडा पच्चीसको दरले थप भत्ता पाउनेछ । एक सदस्यीय प्रतिनिधि मण्डलका हकमा पनि यो नियम लागू हुनेछ । नेपाल सरकारको निर्णय गरे बमोजिमको रकम भैपरि आउने खर्च वापत पाउनेछ ।

२३. **लुगा भत्ता** : (१) अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, बैठक, निमन्त्रण, तालीम, अध्ययनमा भाग लिन जाने देहायका सैनिक व्यक्तिले देहायका मुलुकहरूमा जाँदा देहायको दरले लुगा भत्ता पाउनेछ र यसरी लुगा भत्ता दिंदा भारत बाहेक अन्य मुलुकमा जाने सैनिक व्यक्तिलाई लुगा भत्ताको पचास प्रतिशत विदेशी मुद्रामा र पचास प्रतिशत रुपैयाँमा दिइनेछ ।

[४](क) भारत, पाकिस्तान, बंगलादेश, बर्मा, जनगणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत र श्रीलंकामा जाने रथी बृन्ददेखि सहायक सेनानीसम्मलाई [#]तीनहजार दुई सय रुपैया र सोदेखि मुनिका सबैलाई [♠]दुई हजार रुपैयाँ ।

[४](ख) खण्ड (क) मा उल्लेख भएका मुलकहरू बाहेक अन्य मुलुकहरूमा जाने रथी बृन्ददेखि सहायक सेनानीसम्मलाई [♠]८० अमेरिकी डलर बराबरको नेपाली रुपैयाँ र सोदेखि मुनि सबैलाई [♠]६० अमेरिकी डलर बराबरको नेपाली रुपैयाँ ।

---

[४] पहिलो संशोधनद्वारा संशोधित ।

[#] तेस्रो संशोधनद्वारा संशोधित ।

[♠] तेस्रो संशोधनद्वारा संशोधित ।

तर, साधारणतया जहाँ जानुपर्ने हो सो ठाउँमा जाने कार्यक्रम आदि सबै कुरा ठीक तथा निश्चित नभई कुनै पनि सैनिक व्यक्तिलाई लुगा भत्ता दिइने छैन ।

(२) उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम जाने कार्यक्रम ठीक तथा निश्चित भई लुगा भत्ता लिइसकेपछि नेपाल ो सरकारको निर्णयले जान नपाउने भएमा सो लुगा भत्ता वापत पाएको रुपैयाँ विदेशी मुद्रामा सटही गरिसकेको जति तुरुन्त र बाँकी रुपैयाँ खर्च गरिसकेको भए बिना सुद वर्ष दिनको किस्ताबन्दीमा फिर्ता गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम लुगा भत्ता पाउने व्यक्तिले स्वयं जान नचाहेमा वा राजीनामा दिएमा वा सरकारी नोकरीबाट बर्खास्त भएमा सयकडा दश सुद समेत लगाई जान नचाहेको वा राजीनामा स्वीकृत भएको वा नोकरीबाट बर्खास्त भएको पैंतीस दिन भित्र एकमुष्ट फिर्ता गर्नु पर्नेछ ।

(४) उप-नियम (२) बमोजिम अवस्था परी जान नपाउने भएमा लुगा भत्ता लिने व्यक्ति वहालवाला भए तलब खुवाउने अधिकारीले निजको तलबबाट कट्टा गरी असूल गर्नुपर्छ र बहाल टुटेको भए पैंतीस दिन नाघेपछि लुगा भत्ता वापत पाएको रुपैयाँ निजसंग प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नुपर्छ ।

(५) कायम मुकायम भएको व्यक्ति विदेश जाने भई यस नियम बमोजिम लुगा भत्ता पाउने भएमा निजलाई आफ्नो पदाधिकार कायम रहेकै पदको लुगा भत्ता दिइनेछ ।

(६) अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन वा कुनै उत्सव आदिमा नेपाो सरकारबाट खटिई वा तालीममा जाने कुनै सरकारी वा अन्य कुनै संस्थाबाट लुगा भत्ता पाएको मितिले तीन वर्ष भुक्तान नभई अर्को लुगा भत्ता पाउन सक्ने छैन ।

(७) लुगा भत्ता निकासी दिनेले दोहोरो पर्ने गरी दिन हुँदैन र लुगा भत्ता लिनेले पनि दोहोरो पर्ने गरी लिन हुँदैन । जानी जानी यस्तो दोहोरो पर्ने गरी लिने दिने दुबैसंग आवश्यक कारवाही गरी लुगा भत्ताको बिगो लुगा भत्ता लिनेसंग असूल उपर गरिनेछ ।

(८) अन्तर्राष्ट्रिय सम्मेलन आदिमा भाग लिन नेपाो सरकारबाट खटिई वा तालीममा विदेश जानेले कुनै सरकारी वा अन्य कुनै संस्थाबाट लुगा भत्ता पाएमा यस नियमावली बमोजिम पाउने रकममा नपुग जति मात्र नेपाल सरकारबाट थप दिनेछ ।



www.lawcommission.gov.np

२४. **विशेष व्यवस्था** : यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक, प्राकृतिक वा हावापानी सम्बन्धी कठिनाईको दृष्टिले नेपालको कुनै भागमा बसी काम गर्ने सैनिक व्यक्तिलाई समय समयमा भएको नेपाल सरकारको निर्णय बमोजिम दिई आएको वा दिइने दुर्गम स्थान, लुगा, औषधि वा त्यस्तै अरु थप भत्तालाई यस नियमावलीमा लेखिएको कुनै कुराले प्रतिकूल असर पारेको मानिने छैन ।

[☞]२४क. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

२५. **यी नियमहरू बमोजिम नगरेमा हुने** : यस नियमावली उल्लंघन गर्ने सैनिक व्यक्तिलाई प्रचलित नेपाल कानुन बमोजिम सजाय गर्न सकिनेछ ।

२६. **खारेजी र बचाउ** : (१) शाही सेना (दैनिक तथा भ्रमण भत्ता) नियमहरू, २०२७ खारेज गरिएको छ ।

(२) यस नियमावलीमा लेखिए जति कुराहरूमा यसै नियमावली बमोजिम र अरुमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

नेपाल कानुन आयोग

☞ तेस्रो संशोधनद्वारा थप ।

# अनुसूची - १

## (नियम ११ को उपनियम (६) सित सम्बन्धित)

## थप दैनिक तथा भ्रमण भत्ता दिइने जिल्लाहरू तथा स्थानहरू

(क) पचहत्तर प्रतिशत दैनिक तथा भ्रमण भत्ता थप दिइने जिल्ला तथा स्थानहरू

(१) दार्चुला जिल्ला (व्यास गोर्खा)

(२) बझाङ्ग जिल्ला

(३) बाजुरा जिल्ला

(४) हुम्ला जिल्ला

(५) मुगु जिल्ला

(६) जुम्ला जिल्ला

(७) कालीकोट जिल्ला

(८) डोल्पा जिल्ला

(९) मुस्ताङ जिल्ला (टुकुचे उत्तर)

(१०) मनाङ जिल्ला

(११) गोर्खा जिल्ला (जगात उत्तर)

(१२) धादिङ जिल्ला (नुम उत्तर)

(१३) रसुवा जिल्ला ।

(१४) दोलखा जिल्ला ।

(१५) सोलुखुम्बु जिल्ला (चौरीखर्क उत्तर)

(१६) संखुवासभा जिल्ला (नुम उत्तर)

(१७) ताप्लेजुङ जिल्ला

(१८) सिन्धुपाल्चोक जिल्ला (लिस्ती थुम र पालचोक थुम हेल्मु)

नेपाल कानुन आयोग

(ख) पचास प्रतिशत दैनिक तथा भ्रमण भत्ता थप दिइने जिल्लाहरू तथा स्थानहरू

(१) दार्चुला जिल्ला (व्यास गोर्खा बाहेक) सबै

(२) डोटी जिल्ला

(३) अछाम जिल्ला

(४) दैलेख जिल्ला

(५) जाजरकोट जिल्ला

(६) रुकुम जिल्ला

(७) रोल्पा जिल्ला

(८) मुस्ताङ्ग जिल्ला (टुकुचेदेखि दक्षिण भाग)

(९) म्याग्दी जिल्ला

(१०) वाग्लुङ्ग जिल्ला

(११) गुल्मी जिल्ला

(१२) पर्वत जिल्ला

(१३) लमजुङ्ग जिल्ला

(१४) धादिङ्गको बाँकी जिल्लाको भाग

(१५) गोरखा जिल्लाको बाँकी भाग

(१६) रामेछाप जिल्ला

(१७) ओखलढुङ्गा जिल्ला

(१८) सोलुखुम्बु जिल्ला (दक्षिण)

(१९) खोटाङ जिल्ला (दक्षिण)

(२०) भोजपुर जिल्ला

(२१) संखुवासभा जिल्ला (दक्षिण)

(२२) तेह्रथुम जिल्ला

नेपाल कानुन आयोग

(२३) पाँचथर जिल्ला

(२४) वैतडी जिल्ला

(२५) डडेल्धुरा जिल्ला

(२६) प्यूठान जिल्ला

(२७) सल्यान जिल्ला

(ग) पच्चीस प्रतिशत दैनिक तथा भ्रमण भत्ता थप दिइने जिल्ला तथा स्थानहरू

(१) कैलाली जिल्ला (पुरानो डोटी जिल्लाको भाग)

(२) सुर्खेत जिल्ला

(३) अर्घाखांची जिल्ला

(४) पाल्पा जिल्ला

(५) स्याङ्जा जिल्ला

(६) तनुहँ जिल्ला

(७) सिन्धुली जिल्ला

(८) उदयपुर जिल्ला

(९) धनकुटा जिल्ला

(१०) इलाम जिल्ला

नेपाल कानून आयोग

# अनुसूची -२

(नियम २० को उपनियम (१) सित सम्बन्धित)

**विदेश भ्रमणको लागि देशहरूको वर्गीकरण**

(क)

(१) उत्तर अेमिरका

(२) मध्य अमेरिका

(३) दक्षिण अमेरिका

(४) पश्चिम यूरोप

(५) जापान

(६) अष्ट्रेलिया

(७) न्यजिलैण्ड

(ख)

(१) खण्ड (क) र (ग) मा परेका बाहेक अन्य सबै मुलुकहरू

(ग)

(१) भारत

नेपाल कानून आयोग

# %अनुसूची -३

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

(क) दैनिक भत्ताको सामान्य दर

| | तह | अनुसूची २ (क) वर्गका मुलुकमा | अनुसूची २ (ख) वर्गका मुलुकमा |
|---|---|---|---|
| | | अमेरिकी डलर | अमेरिकी डलर |
| (क) | विशिष्ट तह | १०० | ८५ |
| (ख) | प्रथम तह | ९० | ७५ |
| (ग) | द्वितीय तह | ८० | ६५ |
| (घ) | तृतीय तह | ७० | ५५ |
| (ङ) | चतुर्थ तह | ६० | ४५ |

भारतको लागि दैनिक भत्ता दर

| | तह | भारतको दिल्ली, बम्बे, कलकत्ता, मद्रासमा | अन्य स्थानमा |
|---|---|---|---|
| | | अमेरिकी डलर | अमेरिकी डलर |
| (क) | विशिष्ट तह | ४० | २४ |
| (ख) | प्रथम तह | ४० | २४ |
| (ग) | द्वितीय तह | ३२ | १६ |
| (घ) | तृतीय तह | ३२ | १६ |
| (ङ) | चतुर्थ तह | १६ | ८ |

(ख) दैनिक भत्ताको विशेष दर

खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ संस्थाको सम्मेलन वा बैठकमा भाग लिन वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थासँग वार्ता वा सम्झौता गर्न वा नेपाल सरकारको प्रतिनिधित्व गरी जाँदा

% तेस्रो संशोधनद्वारा संशोधित ।





नेपाल कानून आयोग

खाना र अन्य सबै प्रकारका खर्च नदिई केवल वास खर्च (लजिङ) को लागि होटलको विल बमोजिमको रकम र खाना तथा अन्य खर्चको लागि खण्ड (क) मा तोकिएको दैनिक भत्ताको दरको चालिस प्रतिशत रकम दिइनेछ । तर यस खण्ड बमोजिम दिइने रकम निम्न लेखिएको दैनिक रकमभन्दा बढी स्वीकृत हुने छैन :

| | | | भारतको लागि | |
|---|---|---|---|---|
| **तह** | **(क) वर्गका मुलुकमा** | **(ख) वर्गका मुलुकमा** | **दिल्ली, बम्बै मद्रास र कलकत्ता** | **अन्य स्थान** |
| | **अमेरिकी डलर** | **अमेरिकी डलर** | **अमेरिकी डलर** | **अमेरिकी डलर** |
| **क. विशिष्ट तह** | १२० | ११० | ८८ | ६४ |
| **ख. प्रथम तह** | ११५ | १०० | ८८ | ६४ |
| **ग. द्वितीय तह** | १०५ | ९० | ६४ | ४० |
| **घ. तृतीय तह** | १०५ | ८५ | ६४ | ४० |
| **ङ चतुर्थ तह** | ९० | ७५ | ४० | २० |

होटेलको वील पेश नगरेमा खण्ड (क) को दर अनुसार मात्र रकम दिइनेछ ।

(ग) <u>प्रतिनिधि मण्डलमा जाँदा विशेष व्यवस्था</u>

खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ संस्थाको सम्मेलन वा बैठकमा भाग लिन वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थासँग वार्ता वा सम्झौता गर्न वा नेपाल सरकारको प्रतिनिधित्व गरी प्रतिनिधि मण्डलमा जाँदा प्रतिनिधि मण्डलमा अन्य अधिकृत कर्मचारीहरू पनि समावेश भएकोमा सो प्रतिनिधि मण्डलमा समावेश भई जाने अन्य कर्मचारीलाई पनि सो देशमा बस्दा प्रतिनिधिमण्डलका वरिष्ठ अधिकृत कर्मचारीले पाए सरह होटलको बिल बमोजिमको वास खर्च दिने गरी नेपाल सरकारले निर्णय गर्न सक्ने छ । तर खाना तथा अन्य खर्चको लागि भने खण्ड (क) बमोजिम आफ्नो तहले पाउने रकमको चालीस प्रतिशत रकम मात्र पाउनेछ ।

नेपाल कानून आयोग